५८५

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं आषाढ १६ गते २०१० साल [संख्या ४५

## भाग १

## गृहमन्त्रालयको सूचना

### सिनेमा हल जाँच पास गर्ने नियम

ठाउँ ठाउँमा बनेका सिनेमाहलहरू तथा पछि बन्ने सिनेमाहलहरू सुरक्षित स्वास्थ्यकर होस् भन्नाको लागी निम्नलिखितअनुसार एउटा कमिटी खडा गरी निम्नलिखित दफा दफाका नियमहरूबमोजिम गर्नु गराउनुपर्ने आवश्यक देखिन्छ।

उपरोक्त विषयमा शहरको लागी गृहमन्त्रालयका प्रतिनिधि १, स्थानीय स्वायत्त शासनमन्त्रालयका १, नगर पञ्चायतका १, पब्लिक वर्क्स तथा सञ्चार-मन्त्रालयका १ समेतको कमिटी खडा गरी जाँचपास गर्नुपर्दा पनि निजहरू गई जाँची बुझी गृह–सेक्रेटरीमा जम्मा भै कमिटीबाट ठहरेबमोजिम गर्ने।



५८९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्येश पहाडका जिल्लाहरुमा भए पुलीस इन्सपेक्टर १, म्यूनिसिपलिटी रहेका ठाउँमा म्यूनिसिपलिटीका १, गोस्वाराका हाकिम असिष्टेण्टमा १, बनाउने अड्डाका इन्जीनियर वभरसियरमा १, इन्जीनियर वभरसियर नभए बनाउने अड्डाको हाकिम, बनाउने अड्डाको हाकिम पनि नभए बडाहाकिमले खटाएका अड्डाको हाकिम १ समेतको कमिटी खडा गरी जाँची बुझी बडाहाकिमकहाँ जम्मा भै कमिटीबाट ठहरेबमोजिम गृहमन्त्रालयमा जाहेर गरी भई आएका आदेशबमोजिम गर्ने गराउने ।

सिनेमा हल जाँच पास गर्ने नियमहरू यस प्रकारका छन्ः —

(१) सिनेमा हल घटीमा ५००, बढीमा १००० जवान अटाउने गरी बनाएको हुनुपर्दछ ।

(२) सिनेमा हलमा भएको भयाल ढोकाले मात्र सिनेमा शुरु हुँदा भ्यान्टिलेशनको लागी कुनै मदत नगर्ने हुँदा सिनेमा हलमा ब्लोवर फाइन र एक्जष्ट फाइनको यस्तो बन्दोबस्त हुनुपर्दछ—जसबाट दर्शकपिछे मिनेटको २० क्यू फिट ताजा हावा हलभित्र पस्न सक्ने हुनुपर्दछ र हरेक दर्शकको लागी हलमा १०० क्यू फिटसम्मको जग्गा ( space ) हुनुपर्दछ ।

(३) क्लासअनुसारको दिशा पिसाब गर्ने ठाउँ पनि जनाना मर्दाना छुट्टिने गरी सफाई साथको हुनुपर्दछ र पैल्हा ५० जनाको लागी यौटा औसत दिशा गर्ने ठाउँ र सो ५० जवानभन्दा बढी हरेक २० जवानको लागी यौटा दिशा गर्ने ठाउँ र हरेक ५० जवानको लागी यौटा पिसाब गर्ने ठाउँ हुनुपर्छ ।

(४) अब बन्ने सिनेमा हल बनाउने नक्साको साथमा इन्जीनियरले गरी दिएको डिजाइनको स्पेफिकसनसमेत साथ राखी नक्सा पास गर्नुपर्ने र कुनै कारणवश सो सिनेमा हल भत्केमा इन्जीनियरसमेतको इन्क्वायरी कमिटीले जाँची डिजाइन या कन्सटक्सनको दोषबाट भत्केको ठहरेमा भत्केर भएको ज्यान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८६



मालको नोक्सानीको जवाफदेही डिजाइन सुपरभिजन गर्ने इन्जीनियर र हलवाला प्रप्राइटर हुनूपर्ने र सो नक्सा पास गरी दिनेलाई ठीकसँग नजाचे-बापत इन्क्वायरी कमिटीले ठहराएबमोजिम जरिवाना हुने र हाल बनि-सकेकोमा कमिटीले ठहराएबमोजिम गर्ने ।

(५) हलका वरीपरी दर्शकहरूको सुविधाको निमित्त इन्टरभल र अघिपछि टहल्न बस्न पाउने गरी सुविधाको टाउँको प्रबन्ध भएको हुनुपर्छ र सकभर यसमा ठाउँ नलैपीछे बरण्डाको रुपमा हुनुपर्दछ ।

(६) क्लासपीछे दर्शकहरू र हलका कर्मचारीहरू र सरकारी ड्युटीमा आइ-रहेका व्यक्तिहरूसमेतका लागी ओहर दोहर गर्न दायाँ बायाँ ३ देखि ५ फिटसम्म चौडाको बाटो रहनुपर्दछ र ज्यादै चौडा सिनेमा हल भएका हरेक १२ सिटपिच्छे ३ देखि ५ फिटको बाटो राखी सकभर हरेक सिटको पंक्तिभित्र जान हुने गरी कमसेकम १ फिट चौडा ठाउँ रहनुपर्दछ ।

(७) सिनेमा हलमा आगलागी अथवा त्यस्तो कुनै दुर्घटना पर्न गएका हकमा सबै मानिस तुरुन्तै बाहिर निस्कन सक्ने गरी ढोका र भ्याङ्गहरूको बन्दोबस्त हुनुपर्ने सोबमोजिम गर्न हरेक ६०।७० जवानको लागी ४ फिट चौडाको ढोका रहनुपर्दछ ।

(८) सिनेमा हलको हरेक भ्याङ्ग इमरजेन्सिमा धोखा नहोस् भन्नाको लागी कमसेकम ५ फिट चौडा र हरेक सिंढीको उँचाई ६ इञ्चमा नबढाउने र सिंढीको चौडाई १२ इञ्चको हुनुपर्दछ ।

(९) सिनेमा हलमा हरेक १००० स्क्वायर फूटको लागी एक फायर एक्स-टेन्गवीशर हुनुपर्दछ र त्यसको ३।३ महिनामा म्यूनिसिपलिटीमार्फत जाँच्ने गर्नुपर्छ र जहाँ फायर एक्सटेन्ग्वीशर पाँइदैन, त्यस्तो ठाउँमा नजिकै र तुरुन्तै भेटाउने ठाउँमा पनि बालुवा इत्यादिको बन्दोबस्त हुनुपर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६६

(१०) स्क्रीनको नजिकै तल्लो क्लासको सिट राखिदिंदा पब्लिकको आँखामा असर पर्न जाने हुँदा स्क्रीन र तल्लो क्लासको सिटमा पनि निकैने फरक हुनुपर्दछ ।

(११) सिनेमा हलमा पङ्खा यस्तो किसिमबाट रहेको हुनुपर्दछ कि–जसमा झुनझुकै दर्शकले सिटबाट उठेर हात उठाउँदा उसको हातले नभेटियोस् अर्थात् बेहोसमा त्यसो गर्दा पङ्खाको ब्लेडले हातमा लागेर दुर्घटना हुन नपाउने प्रबन्ध हुनुपर्दछ ।

(१२) उक्त लेखिएका नियमबमोजिमको हल बनेको भए पास गर्न नहुने नियमविरुद्ध हुने गरी पास गरेको ठहरे जाँच पासको काममा खटिएका प्रतिनिधिहरू पनि जवाफदेही भै अदलका ऐनबमोजिमको सजायभागी हुनुपर्नेछ ।

(१३) हाललाई उक्त लेखिएबमोजिम नियम पास गरी पछिलाई उपरोक्त कमिटी-बाटै सिनेमाको रेगुलेशनबमोजिम कानूनको मसौंदा शीघ्रातीशीघ्र तयार गरी कानूनमन्त्रालयमा संशोधनको निमित्त पठाई संशोधन भै आएपछि मन्त्रिमण्डलमा पेश गर्ने ।

आज्ञाले,

मेघनरसिंह

सेक्रेटरी,—गृहमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।